# मन्थली नगरपालिका मन्थली,रामेछापको
# आर्थिक वर्ष २०७७/७८ को वजेट वक्तव्य

यस सम्मानित नगर सभाका अध्यक्ष ज्यू,
नगरसभा सदस्यज्यूहरु,
उपस्थित कर्मचारी तथा संचारकर्मी मित्रहरु,

१. विद्यमान विषम परिस्थितिका बीच उपप्रमुखको रुपमा म यस गरिमामय सभामा नगरपालिकाको आ.व. २०७७/७८ को वजेट प्रस्तुत गर्न लागिरहेको छु । यो गौरवपूर्ण अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण नगरवासी महानुभाव प्रती हार्दिक आभार प्रकट गर्दछु । साथै यस घडीमा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युग सम्म ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात तथा अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२.यस अघिका तीनवटा वजेट तर्जुमा र कार्यन्वयनका सर्न्दभमा हासिल गरेका अनुभव र नगरवासीका तर्फवाट प्राप्त सुझाव समेतका आधारमा नगरपालिकाले यो वजेट तयार गरेको छ । वजेट तयार गर्दा मुलतः निती तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनका आधारमा वजेटको सिद्धान्त र प्राथमिकतामा रही मन्थली नगरपालिकाको सुशासन, समृद्धि र दिगो विकासको लक्ष्य प्राप्त हुने क्षेत्रमा लगानी प्रवाह गरिएको छ । अहिले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले पारेको प्रभावलाई समेत मध्यनजर गरी उत्पादन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी वढाइएको छ । नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली”को राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि वजेट परिलक्षित गरिएको छ । संघीय वजेट र प्रदेशको वजेटलाई समेत वजेट तर्जुमाको आधार मानिएको छ ।

विगतमा भुकम्प लगायतका विपद्वाट माथि उठ्न सकेको तथ्य समेतको आधारमा हालको महामारीवाट हामी फेरी उठ्न सक्छौं भन्ने आत्माविश्वासका साथ यो वजेट तर्जुमा गरिएको छ । साथै हालको

परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई सदुपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्छ भन्नेमा नगरपालिका सजग रहेको छ ।

**सभाध्यक्ष महोदय,**

३. अव म चालु आ.व. २०७६/७७ को जेठ मसान्त सम्म भएका गतिविधिहरुको वारेमा संक्षिप्त जानकारी राख्ने अनुमती चाहन्छु ।

४. चालु आ.व. का लागि विनियोजित भएको कूल रकम रु एक अर्व बाह्र करोड अट्ठाइस लाख पैतिस हजार पाँच सय, मध्ये चालु तर्फ रु बैसट्ठी करोड वयालीस लाख बाउन्न हजार र पूँजीगत तर्फ रु उन्पचास करोड पचासी लाख त्रिरासी हजार रहेको थियो । सो मध्ये चालु आ.व.को जेठ मसान्त सम्ममा चालु खर्च रु उन्नचालिस करोड सोह्र लाख पच्चीस हजार, अर्थात छैसट्ठी प्रतिशत र पुँजीगत तर्फ रु सोह्र करोड छपन्न लाख खर्च अर्थात चौतिस प्रतिशत भैसकेको छ भने वाँकी वजेटका आयोजनाहरु सम्पन्न भई भुक्तानीको क्रममा रहेका छन् ।

असहज परिस्थितिका बिच पनि सवै विकास निर्माणका कार्य सम्पन्न हुने चरणमा छन् भने तीनलाल पार्क, शान्तिपार्क र सडक कालोपत्रे गर्ने जस्ता वहुवर्षिय योजनाहरु कार्यान्वयनकै चरणमा छन् । स्वास्थ्य शिक्षा, कृषि, पशु जस्ता क्षेत्रमा भएको प्रगती उत्साहप्रहद छ । आधारभूत खानेपानी सुविधाको पहुँच करिव सवै नगर क्षेत्रमा पुर्‍याइएको छ ।

५. नगरपालिकाले चालु आर्थिक वर्षको लागि रु दुइ करोड पैसट्ठी लाख आन्तरिक आयको लक्ष्य राखेकोमा २०७७ जेठ मसान्त सम्म रु एक करोड नव्वे लाख आन्तरीक आय प्राप्त भएको छ । राजस्व परामर्श समितिलाइ सक्रिय वनाई यस समितिले दिएको परामर्श तथा सुझावलाई कार्यन्वयन गर्ने प्रयास गरिएको छ । आगामी दिनहरुमा करको आधार र दायरालाई विस्तार गरी नगरपालिकाको वजेट प्रणालीलाई आन्तरीक आयमा आधारीत

वनाउन नगरपालिकाको राजस्व परामर्श समितिको दक्षतामा थप अभिवृद्धि गरि आन्तरिक राजस्व परिचालनलाई सुदृढ वनाउने तर्फ ध्यान दिएको छ ।

६.अव म आगामी आ.व. २०७७/७८ को वजेटका उद्देश्य र प्राथमिकतालाई संक्षिप्त रुपमा राख्न अनुमती चाहन्छु ।

**७. वजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन्:**

क) संक्रामक रोग र विपद्वाट नगरवासीहरुको जीवन रक्षा गर्दै दैनिक जनजीवनलाई सहज र सुरक्षित वनाउने

क) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु सिघ्र परिपूर्ति गर्दै जनताको जीवन स्तरमा गुणात्मक सुधार गर्ने,

ख) स्थानिय स्रोत साधन र क्षमताको उच्चतम उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सिर्जना गर्ने,

ग) आर्थिक, भौतिक र सामाजिक पूर्वाधारको विकास गरी समुन्नत नगर निर्माण गर्ने,

घ) प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने र फजुल खर्च रोक्ने,

८. **वजेटको उद्देश्य हाँसिल गर्न देहाय अनुसारका क्षेत्रगत र कार्यगत प्राथमिकताहरु निर्धारण गरिएको छ ।**

क) गुणस्तरीय र व्यवस्थित स्वास्थ्य सेवाको सुनिश्चित गर्ने,

ख) कृषि तथा पशु व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, आधुनिकरण र वजारीकरण गर्ने,

ग) शिक्षालाई गुणस्तरीय र व्यवस्थित गर्ने,

घ) आयआर्जन र सीपविकास सम्वन्धी तालिमको व्यवस्था गर्ने,

ङ) गुणस्तर पूर्वाधार लक्षित कार्यक्रम संचालन गरी रोजगारी सिर्जना गर्ने,

च) सेवाप्रवाहलाई चुस्त दुरुस्त वनाई सुशासन कायम गर्ने,

९. अव म आगामी आर्थिक वर्षमा नगरभित्र संचालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरुको लागि क्षेत्रगत रकम विनियोजनको प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

१०. **वडातर्फ**

संघ प्रदेश र आन्तरिक आयका सवै श्रोतमा संकुचन भएतापनि वडाको कार्य क्षेत्रभित्रका कार्य सम्पन्न गर्न शुत्रमा आधारीत भएर सवै वडालाई विनियोजन गर्न रु सात करोड विनियोजन गरिएको छ । यसमा चालु आवको अन्त्यमा संचित कोषमा अनुमानित रकम भन्दा वढी संचित देखिएमा थप एक करोड विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

वडा सिलिङ तथा विनियोजन भित्र रहेर वडा समितिवाट निर्णय तथा सिफारिस भई आउने योजना तथा कार्यक्रम वजेटको अनुसुचीमा रहने छन् ।

**११. आर्थिक विकास तर्फ**

**यस तर्फ पर्ने कृषि, उद्योग, पर्यटन, सहकारी र वित्तीय क्षेत्रको लागि रु तीन करोड एकहत्तर लाख विनियोजन गरिएको छ ।**

- जसमध्ये कोरोनाको कारण कृषि क्षेत्रमा देखिएका चुनौती र अवसरलाई सम्वोधन गर्न ,कृषि कार्यको आधुनिकरण, विशिष्टिकरण, व्यवसायिकरण र औधोगिकरण गरी काम र रोजगारी सिर्जना गर्न तथा उत्पादन र उत्पादकत्व वृद्धिको लागि सवै वडाहरुमा समानुपातिक रुपमा सिंचाई, मल, बीउ, पूँजी, प्रविधिको कार्यविधि वनाइ न्यायोचित वाँडफाँड गर्न, उत्पादित वस्तुहरुको वजार

सुनिश्चित गर्न, लागत साझेदारी कार्यक्रम संचालन गर्न, वालीनाली तथा फलफुलमा देखा पर्ने रोग नियन्त्रणका लागि सवै वडाहरुमा किटनाशक औषधि व्यवस्थापन गर्न, पकेट क्षेत्र कार्यक्रम संचालन गर्न कृषकलाई अनुदान तथा युवालाई व्यवसायिक तालिम दिन कृषि क्षेत्रमा रु एक करोड बत्तिस लाख विनियोजन गरिएको छ ।

- दुध, अण्डा र मासुजन्य वस्तुको व्यवसायिक उत्पादनलाई प्रोत्साहित गरी यस क्षेत्रमा थप काम र रोजगारी सिर्जना गर्न, पशुजन्य औषधि खरिद, मेसिनरी समान खरिद, साझेदारी अनुदान, व्यवसायिक तालिम, गोठखोर सुधार, नश्ल सुधार, घाँस खेती, प्राविधिक सेवा जस्ता कार्यक्रम तथा उत्पादन अनुदान कार्यक्रमका लागि पशुसेवा तर्फ रु एक करोड एकचालिस लाखपचास हजार विनियोजन गरिएको छ ।

- सवैका लागि एक र एकका लागि सवै भन्ने मर्मलाई सार्थकता दिन सहकारी क्षेत्रको वहुआयामिक योगदानलाई उच्च कदर गर्दै सहकारी सँगको साझेदारीमा स्थानिय स्रोत साधनको परिचालन गरी नगरवासीको आयआर्जन वृद्धि गर्ने, सहकारीका माध्यमवाट कृषि सामाग्री, पूँजी, प्रविधि र वजारमा कृषकको सहज पहुँच सुनिश्चित गर्ने, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने, सहकारी संस्थाहरुको नियमन गरी सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ सहकारी क्षेत्रमा रु उन्नतीस लाखपचास हजार विनियोजन गरिएको छ ।
- कोरोना भाईरसका कारण स्वदेश तथा विदेशमा रहेका नागरिक समेतको रोजगारीमा असर परेको तथ्यलाई मनन गरि लघु, घरेलु तथा साना उद्योगहरुमा निजी क्षेत्र सँग औधोगिक लगानी साझेदारी गरी रोजगारी सिर्जना गर्न तथा नगरवासीको जीवनस्तर उकास्न रु चौतिस लाख विनियोजन गरिएको छ ।

- कोरोनाका कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सिर्जना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरहरुको सीप रुपान्तरण गरी अन्यत्र काम गर्न, सक्षम तुल्याउन विभिन्न तालिम तथा प्रशिक्षण संचालन गर्न वजेट विनियोजन गरिएको छ ।
- यस नगरपालिकालाई आन्तरिक र वाह्य पर्यटकहरुको पर्यटन गन्तव्यको रुपमा  विकास गर्ने उद्देश्यका साथ तीनलालपार्क निर्माण गर्न, तामाकोशीमा वोटिङ्ग संचालनका लागि संभाव्यता अध्ययन गर्न, थानापती महादेव र गाइखुरा चिसापानी सीडी निर्माण तथा स्तरोन्नती गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न वजेटको व्यवस्था मिलाईएको छ ।

## १२. सामाजिक विकास तर्फ

**यस तर्फ पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, साँस्कृतिक प्रवर्द्धन र लक्षित वर्ग जस्ता क्षेत्रका लागि रु पाँच करोड छ लाख सठसठ्ठी हजार वजेट विनियोजन गरिएको छ ।**

- जस मध्ये नगरपालिका अर्न्तगतका शैक्षिक संस्थाहरुमा भर्ना अभियान, विद्यालय मर्ज, शिक्षक शिक्षिकालाई अध्ययन अवलोकन प्रशिक्षण तथा तालिम, खेल तथा शैक्षिक सामाग्री व्यवस्था, विद्यालय सवलीकरण, सूचना प्रविधिको प्रयोग, छात्रवृति, वालविकास केन्द्रहरुको सुदृढीकरण, गणित विज्ञान जस्ता विषयमा शिक्षक नपुग भएका विद्यालयमा स्वयम सेवक शिक्षक परिचालन, विद्यालयको नियमन तथा निरीक्षण जस्ता कार्यक्रम मार्फत सवै नगरवासीको लागि गुणस्तरीय शिक्षा तथा खेलकुदको व्यवस्थापन गरी जनसाख्यिक लाभको रुपमा रहेका युवा परिचालनका लागि खेलकुद प्रतियोगिता संचालन गर्न आर्थिक सामाजिक विकासको आधारशिलाको रुपमा रहेको शिक्षा तथा खेलकुदको विकास गर्न यस

क्षेत्रमा रु एक करोड सन्ताउन्न लाख चौउन्न हजार विनियोजन गरिएको छ ।

- नागरीकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय वनाउन, संक्रामक रोग नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्न सक्ने औषधि तथा उपचार सामाग्री खरिद गर्न, स्वास्थ्य सिवीर संचालन गर्न, स्वास्थ्य कर्मीलाई विभिन्न भत्ता लगायत व्यक्तिगत सुरक्षा उपकरणको व्यवस्था सहित स्वास्थ्य सेवा कार्यमा उत्प्रेरित गर्न नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुको गुणस्तरीयता अभिवृद्धि गर्न, स्वास्थ्य क्षेत्रको वजेटमा अधिकतम वृद्धि गरी रु दुइ करोड सत्तरी लाख त्रिहत्तर हजार रकम पुऱ्याइएको छ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुले प्रजनन् स्वास्थ्य र मातृ मृत्युदर लगाएतका स्वास्थ्य सुचकांकमा पुऱ्याएको सकारात्मक योगदानको उच्च मूल्याङ्कन गर्दै उनीहरुको सेवा सुविधालाई निरन्तरता दिइएको छ ।
- सामाजिक समावेशीकरणको मर्मलाई आत्मसात गर्दै आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदायलगायतकालक्षितवर्गको शसक्तिकरण र मूलप्रवाहिकरण गर्न तथा विभिन्न सीप तथा क्षमता विकासका तालिम संचालन गर्न रु एकहत्तर लाख नव्वे हजार विनियोजन गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको अभिलेखीकरण गर्न तथा जन्म, मृत्यु, विवाह जस्ता व्यक्तिगत घट्ना दर्ता तथा अभिलेखलाई व्यवस्थित गर्न रु पाँच लाख पचास हजार विनियोजन गरिएको छ ।

## १३. पूर्वाधार विकास तर्फ

- यस तर्फ पर्ने सडक, सिंचाइ, भवन, पार्क, सञ्चार जस्ता क्षेत्रहरुको विकास गर्न नगरका रणनीतिक महत्वका र वडा केन्द्र जोड्ने निर्माणाधिन सडकलाई छिटो सम्पन्न गरी आवागमन सहज वनाउन र आर्थिक गतिविधि विस्तार गर्न, नगरवासीको जनजीवन सहज वनाउने नीति अनुरुप  सडक संजाल विस्तार र स्तरोन्नती गरी समृद्ध नगर निर्माण गर्न रु तेह्र करोड एकतिस लाख पचपन्न हजार रकम विनियोजन गरिएको छ ।
- साथै निर्माण सम्पन्न भई तथा ट्र्याक खोली संचालनमा रहेका सडक बाढी पहिरोका कारण अवरुद्ध भएमा सुचारु गर्न हरेक वडाका लागि रु दुइ लाख र नगरमा समेत गरी चालिस लाख वजेट विनियोजन गरिएको छ ।
- योजना तर्जुमा कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप प्रभावकारी वनाई निर्मीत पूर्वाधारहरुको गुणस्तरीयता अभिवृद्धि गर्न रु सोह्र लाख वजेट विनियोजन गरिएको छ ।

## १४. वन, वातावरण तथाविपद् व्यवस्थापन

- वन,वातावरण संरक्षण तथा विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने नगरपालिका क्षेत्रमा उत्र्सजन हुने फोहोर मैला व्यवस्थापनमा नीजि क्षेत्रसँग साझेदारी गर्ने, नगरपालिकाको निती अनुरुप जलवायु परिवर्तन अनुकुलन गर्ने, पहिरो नियन्त्रण गर्ने, वृक्षारोपण गर्ने, फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने जल उत्पन्न प्रकोप नियन्त्रण तथा वारुणयन्त्र व्यवस्थापन लगायतका कार्यक्रमहरु संचालन गर्न रु सठ्सट्ठी लाख विनियोजन गरिएको छ ।

## १५. सुशासन, संस्थागत विकास र सेवा प्रवाह

- नगरपालिकाको सेवाप्रवाहलाई सेवाग्राही मैत्री बनाउने, सुचाना प्रविधि मैत्री वनाउने, संस्थागत क्षमता विकास गर्ने, नियमित रुपमा समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने तथा  सेवाप्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउने कार्यलयमा थपिएको नयाँ तलामा सभा हल वनाई फर्निचर तथा फर्निसीङ्ग गर्ने तथा वडा तहमा राजस्व संकलन सफ्टवेयर खरिद जडान तथा संचालनका लागि रु एक करोड तेत्तिस लाख पच्चीस हजार रकम विनियोजन गरिएको छ ।
- स्थानिय संचार माध्यम तथा प्रकाशन गृहको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक वजेट व्यवस्था गरिएको छ ।

## १६. कानुन तथा न्याय

समुदाय तथा समाजमा देखिन सक्ने सानातीना विवाद तथा मनमुटावहरुको छलफल, मेलमिलाप र जनचेतनाका माध्यमवाट निराकरण र अन्त्य गरी समुदायमा शान्ति र अमनचयन कायम गर्ने प्रयोजनले न्यायिक क्षमता विकास कार्यक्रम संचालन गर्न मेलमिलाप केन्द्र स्थापना र संचालन गर्नको लागि रु बीस लाख साठ्ठी हजार रकम विनियोजन गरिएको छ ।

१७. आदरणीय नगरसभा सदस्य ज्यूहरु,

उपरोक्त क्षेत्रगत वजेट विनियोजनमा संघ र प्रदेश सरकारवाट तत्तत् क्षेत्रमा आउने शसर्त कार्यक्रमको वजेट र वडा सिलिङ्गवाट तत्तत् क्षेत्रमा विनियोजन हुने वजेट रकमलाइ समावेस गरिएको छैन ।

**सभाध्यक्ष महोदय तथा नगरसभा सदस्य ज्यूहरु,**

१८.अव म उल्लेखित विनियोजन अनुसार कार्यक्रम तथा आयोजना संचालनका लागि आवश्यक स्रोतको अनुमान प्रस्ताव गर्ने अनुमती चाहन्छु।

- ❖ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु एक अर्व सात करोड उन्नचालीस लाख सत्तहत्तर हजार सात सय अढतीस विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये आन्तरिक चालु तर्फ रु बाह्र करोड साठी लाख र शसर्त चालु तर्फ रु चौवन्न करोड अर्थात त्रिसट्ठी प्रतिशत र शसर्त र निशर्त आयोजना तथा कार्यक्रम तर्फ पूँजीगत समेतको लागि रु चालिस करोड चालिस लाख अर्थात सैतिस प्रतिशत रकम छुट्याईको छ ।
- ❖ अव म आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत उल्लेख गर्न चाहन्छु ।

- नेपाल सरकारवाट प्राप्तहुने संघीय वित्तिय समानीकरण रु उन्नाइस करोड वयानव्वे लाख,
- प्रदेश वित्तिय समानीकरण रु एक करोड छ लाख सठसट्ठी हजार,
- प्रदेश राजस्व बाँडफाँड (सवारी साधन कर) रु तीन करोड,
- जलविद्युत रोयल्टी संघवाट रु दुइ करोड,
- राजस्व वाँडफाँड संघवाट रु एक करोड अन्ठाउन्न लाख अन्ठाउन्न हजार,
- आन्तरिक स्रोत रु दुइ करोड छैसट्ठी लाख,
- मालपोत रजिष्ट्रसन शुल्क रु साट्ठीलाख,
- सशर्त अनुदान संघवाट रु छत्तिस करोड सठसट्ठी लाख

- शसर्त अनुदान प्रदेशवाट रु तीन करोड त्रिहत्तर लाख एक्काइस हजार,
- समपूरक कोष संघवाट रु एक करोड,
- विशेष अनुदान संघवाट रु पचास लाख,
- प्रदेश समपुरक कोषवाट रु दुइ करोड उनान्नसयलाख,
- सडक वोर्ड रु तीस लाख,
- सामाजिक सुरक्षाभत्ता रु १३ करोड,
- स्थानिय पूर्वाधार साझेदारी कार्यक्रमवाट रु तीन करोड

१९. उल्लेखित आय र व्ययको अनुमान वाट न्यून हुने वजेट चालु आर्थिक वर्षको खर्च हुन वाँकी रहेको रकम वाट व्यहोरिने छ ।

२०.आय व्यय र करका दर र दायराहरुको विस्तृतिकरण विनियोजन विधेयक, आर्थिक विधेयक,वजेट पुस्तिका र सोको अनुसुचीमा रहने छन्।

२१. प्रस्तुत वजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने संघीय तथा प्रदेश माननीय ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । वजेटका उद्देश्य प्राथमिकता र कार्यक्रम माथि छलफल गरी सुझाव दिनुहुने नगर प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु,सवै विषयत समितिका पदाधिकारी ज्यूहरुमा आभार व्यक्त गर्दछु । त्यसै गरी महत्वपूर्ण सुझाव तथा सहयोग प्रदान गरी वजेटलाई नगरवासीका आवश्यकतामा आधारीत वनाउन मद्दत गर्नु हुने राजनीतिक दल, नागरिक समाज, विभिन्न संघसंस्थाका प्रतिनिधि कर्मचारी, तथा संचारकर्मी लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै यसपछि वजेट चरणको महत्वपूर्ण चरणको रुपमा रहेको कार्यन्वयन चरणमा पनि यहाँहरु सवैको अर्थपूर्ण साथ र सहयोग रहने छ भन्ने अपेक्षा गरेको छु ।

**अन्त्यमा,**

नगर भित्र तथा वाहिर रहनु भएका सवै नगरवासी दाजु भाइ तथा दिदिवहिनी हरुलाई कोभिड नाइन्टिनको जोखिमवाट सुरक्षित रहदै सवल, सुदृढ, सक्षम र न्यायपूर्ण नगर निर्माणमा योगदान गर्न आव्वाहन गर्दछु ।

**धन्यवाद !**